सिरानचोक गाउँपालिकाको गाउँसभामा अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङ ज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

गण्डकी प्रदेश, नेपाल

मितिः २०७९ साल असार १० गते

गाँउसभाका सम्पुर्ण सदस्यज्यू हरु,

सिरानचोक गाउँपालिकाको गाउँसभामा उपस्थित  गाउँसभाका सदस्यज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, सबै पेशा, वर्ग, सेवा र समूह मा आ.वद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिका अध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित,स्वाभिमान र लोकतन्त्रका लागि भएका विभिन्न चरणका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ व्यवस्था भयवमोजिम यस गरिमामय सभा समक्ष आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु। लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको आवाधिक निर्वाचन अन्तरगत स्थानीय तह निर्वाचन २०७९ स्वच्छ शान्तिपूर्ण, भयरहित र मर्यादित वातावरणमा सम्पन्न गराउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने सम्पूर्ण राजनैतिक दल, निर्वाचन आयोग नेपाल,राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, नागरिक समाज, निजि क्षेत्र, तथा सम्पूर्ण नागरिकप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामनम व्याक्त गर्दछु।

सम्मानीत गाँउसभाका आदरणीय अध्यक्ष महोदय,

सिमित साधन र स्रोतको अधिकतम उपयोग मार्फत समग्र गाउँपालिका क्षेत्रका आम नागरीकको विकास तथा परिबर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । नेपालको संविधान र कानूनले अंङगिकार गरेका अधिकारहरुको प्रयोग गर्दै बजेट विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सामूहिक स्वार्थ तथा सहकार्यमा विकासका कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ साथै कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, कर्मचारी, शिक्षक तथा बौद्धिक वर्ग विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरु, निर्वाचित पदाधिकारी ज्यूहरु साथै सम्पूर्ण सिरानचोक बासि जनता हरुसंग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेको छु ।

**आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको समीक्षा:**

१. सिरानचोक गाउँपालिका वडा नं. ८ जौवारीमा संघीय सरकार सँगको साझेदारीमा पालिका स्तरीय १५ शैयाको जौवारी अस्पताल निर्माण कार्य अगाडी बढेकोछ।

२. वडा नं ६मा अमरसिंह पार्क, वडा नं ५ मा गाग्रेडाँडा पार्क र वडा नं ८ मा भालेढुंगा पार्कको डी.पी.आर तयार भई पार्क निर्माणको कार्य सुरुवात भएको छ।

३. सिरानचोक गाउँपालिका वडा नं. ४ छोप्राकको चोरकाटेमा उद्योग ग्राम संचालनको लागि निर्माण प्रक्रिया अगाडी वढेको ।

४. वडा नं ६मा खैरेनिवन, चिलाउने, बांसपुर हुँदै गैरागाउँ सम्मको सडकलाई फराकिलो बनाई स्तरोन्नति गर्ने कार्य सुरु गरिएको छ । खहरे सिम्लेभंगेरी, झारगाउँ, पाटीभन्ज्यांग, चिप्लेटी सडकको स्तरोन्नति कार्य सुरु गरिएको छ । जस अन्तर्गत खहरे देखि भर्ले सम्मको सडक खण्डमा पक्कि नाला र थालजजुङ्ग नयाँबजार वडा कार्यल सडक यआवश्यक स्ट्रकचरहरुको निर्माण गरिएको छ।

५. खानेपानीको लागि "एक घर एक धारा" नीति अनुरुप आ.व २०८०/-८१ सम्म पूरा गर्ने अभियान अन्तर्गत ७५ प्रतिशत घरधुरीमा सम्पन्न भएको छ।

६. वडा नं ८ मा फिनामटार नहर निर्माणको कार्य सुरु गरि निर्माण कार्य अगाडि बढाइएको छ।

७. गाउँपालिकाले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि हाल सम्म ७१ वटा स्थानीय कानून तथा कार्यविधिहरु तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

८. सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने प्रक्रिया निरन्तर अगाडि बढिरहेको छ।

९. सवै वडाहरुमा टोल विकास संस्था स्थापना हुनुको साथै दर्ता प्रक्रिया सम्पन्न भएको छ। विकास प्रक्रियामा दीगोपना, स्वामित्व र जनसहभागिता अभिवृद्धि गर्न विकेन्द्रित विकास प्रारुप बमोजिम वडास्तरीय विकास योजना वडा कार्यालयमार्फत सञ्चालन गर्न वडाहरुलाई जनसंख्या, क्षेत्रफल, कर परिचालन र विकासको अवस्थाको आधारमा वर्गीकरण गरी निःशर्त अनुदान उपलब्ध गराइएको छ।

१०. सामुदायिक स्वास्थ्य प्रर्वद्धन केन्द्रलाई विस्तार गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गर्नुका साथै गुणस्तरीय स्वाध्य सेवालाई स्तरोन्नती गरीएको छ।

११. सिरानचोक गाँउपालिकालाई शिक्षाको क्षेत्रमा नमुना बनाउनको लागि विभिन्न खोज तथा अनुसन्धानको कार्यलाई सामुदायिक बिद्यालयहरुबाट सुरुवात गरिनेछ। यसको लागि आहाल भञ्याङ मा.वि.मा ऐतिहासिक संग्राहलय, महेन्द्रलिला मा.वि.लाई बालमैत्री नमुना विद्यालय, परोपकार आदर्श माविमा सांस्कृतिक संरक्षण, मण्डली मा.वि. मा विज्ञान नमुना प्रयोगशाला र संसारी महेन्द्र मा.वि.लाई खेलकुद नमुना विद्यालयको रूपमा विकास गरिएको र यस कार्यक्रमलाई अगामी वर्षमा पनि निरन्तरता दिइनेछ।

१२. सिरानचोक गाँउपालिका वडा नं १ को आरघरे वडा नं.८ को झक्रे र वडा नं ७ को भर्लेमा समुदायमा आधारित बालकक्षा सिकाई केन्द्र स्थापना गरी यसै वर्ष देखि संचालनमा ल्याइएको छ।

१३. विपन्न तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षा पढ्नका लागि छात्रावृति प्रदान गरिएको(अजिरकोट कृषि ९ जना, बारपाक कृषि २ जना चम्पावती मावि १५ जना अमृत विज्ञान क्यामपस काठमाण्डौ ४ जना विद्यार्थीहरु) गुरुकुल शिक्षा लिन चाहने विद्यार्थीहरुका लागि गोरखा स्थित गुरुकुल शिक्षामा अध्ययन लागि व्यवस्था मिलाइएको (जसमा सिरानचोक ५ को छात्र १ जना) जिवन उपयोगी, आधुनिक व्यवसायिक, प्रविधियुक्त एंव सास्कृतिक, शिक्षामा जोड दिई सामुदायिक "विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिएको छ ।

१४. सामुदायीक माध्यमिक बिद्यालय तथा कर्मचारीको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोटिर्ड प्रणालीको स्थापना भएको ।

१५. विकास साझेदार संस्थाहरुको सहकार्यमा बालमैत्री, विद्यालय मानसिक स्वास्थ्य पठन संस्कृतिलाई अगाडि बढाइएको । (सि.एम. सि. नेपाल, कोशिश र हाल रुम टु रिड)

१६. विद्यालय शिक्षामा १-५ को स्थानीय पाठ्यक्रम निर्माण भइसकेको ५-८ को निर्माणाधिन अवस्थामा रहेको छ। कला संस्कृतिको जगेर्ना गर्नका लागि गुरुङ भाषाको कक्षा हिमाली मा.वि.नामरुक देवी आ.वि, बराम भाषा सि. गा. पा. ५ समुदायमा र सि. गा. पा ३ मा मुस्लिम भाषा ३ वटा मदरसा संचालनमा रहेका छन।

१७. नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (NAST) र सिरानचोक गाँउपालिकाको साझेदारिमा वैज्ञानिक गाउँ कार्यक्रम अन्तर्गत च्याउ सम्वन्धि अनुसन्धान तथा खेति प्रवद्धन कार्य गर्न च्याउको विउ उत्पादन केन्द्र संचालनमा आएको छ।

१८. सिरानचोक गाउँपालिका वडा नं ६ मा अमरसिंह थापा पार्कको निर्माण, वडा नं ५मा गाग्रेडाँडा पार्कको निर्माण र वडा नं ८मा भालेढुंगा पार्कको DPR तयार भई निर्माणको चरणमा रहेकोछ।

१९. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त दुरुस्त राख्न SUTRA प्रणालीको अवलम्वन गरिएको छ भने संचालित योजनाहरुको सम्झौता देखि भुक्तानी सम्मका प्रक्रियाहरु एकिकृत सफ्टवेयर मार्फत संन्चालन गरिएको छ ।

२०. न्यायिक समितिमा आएको सम्पूर्ण विवादहरु मेलमिलापको माध्यमद्धारा निरुपण गरिएको छ ।

२१. विकास साझेदार संस्थाको प्राविधिक सहयोगमा सिरानचोक गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन लै.स.सा.स. परिक्षण तथा लैङ्गिक उत्तरदायी वजेट परीक्षण कार्यक्रम सम्पन्न गरिएकोछ।

२२. कृषि तथा पशु व्यावसायको आधुनिकिरण गर्न उन्नत जातका पशु तथा विउबिजन सहुलियत तथा निःशुल्करुपमा वितरण गरिएकोछ।

२३. पशु पंक्षिको स्वास्थ्य तथा माहामारि जन्य रोगलाई मध्यनजर गर्दै जनताको घर दैलोमा पशु पंक्षि स्वास्थ्य शिविर संचालन गर्नुको साथै भ्याक्सिनेसन गरियो।

२४. सवै स्वास्थ्य चौकिलाई स्तरोन्ति गदै गुणस्तरीय स्वास्थ्य सेवा संचालन गरिएको छ ।

२५. गाउँपालिकाको योजना निर्माण र कार्यान्वयन गर्दा विपद जोखिम न्यूनिकरणलाइ मुलप्रवाहीकरण गरिएको छ ।

२६. सिरानचोक गाउँपालिकाको सबै वडा भित्रका सबै बस्तीहरुमा काठेपोलहरुलाई स्टिलको पोलद्धारा विस्थापित गरिएको छ।

गाउँसभाका सदस्यज्यूहरु,

अव म यस गाउँपालिकाको आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको बार्षिक विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु ।

**सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोंच :**

"स्वस्थ, शिक्षित, रोजगारको अवसर प्राप्त सम्मानित र सुखी नागरिक बसोबास गर्ने सुरक्षित, विविधतायुक्त, विकसित, सुन्दर र समृद्ध सिरानचोक गाउँपालिका"

**लक्ष्य :**

गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिबृद्धि भई गाउंबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**उद्धेश्य :**

गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकास समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।

**प्राथमिकता क्षेत्र**

गाउँपालिकाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई सरकार सञ्चालन सेवा प्रवाह र विकास कार्य सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने।

२. ऐतिहासिक, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा उद्योग व्यवसायको विकास तथा प्रवर्दन

३. जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य, खानेपानी सुविधा, सरसफाई, सामाजिक सुरक्षा तथा खाद्य सुरक्षाको पहुँच र उपयोग सुनिश्चित गर्नेः

४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने।

५. योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने।
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्य।

- कोभिड १९ बाट सिर्जित अर्थिक संकट व्यवस्था पनमा
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- गुणस्तरिय, सरल र सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चितता
- दिगो सवल पूर्वाधार विकास
- ऐतिहासिक, सास्कृतिक, प्राकृतिक तथा कृषि पर्यटन प्रवर्धनको क्षेत्रमा विशेष जोड
- सुशासन प्रर्वद्धन र सेवाग्राहि मैत्री सार्वजनिक सेवाप्रवाह
- लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड
- सवैको लागि स्वच्छ खानेपानीको उपलब्धता
- विपद जोखिम उत्थानसिल विकास र संभाबित विपत्तिपूर्ण अबस्थामा पनि अत्यावस्यक सेवा सुविधामा पहुचको सुनिश्चितता
- मानव संसाधन र सामाजिक विकास
- जलवायु उत्थानशिल कृषि तथा भूमि नमूनाको प्रयोग
- सामुदायिक वनको संरक्षण तथा व्यवस्था पन
- सूचना प्रविधि तथा सञ्चारमा विकास

१. **आर्थिक नीति :**

क) **कृषि विकास सम्वन्धि नीति :**

१. एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणालाई अगाडी बढाउन आ.वश्यकता अनुसार वडामा कृषि प्राविधिक, साथै युवा वर्ग लक्षित ब्यावसायिक कृषिसंग सम्बन्धित तालिम सञ्चालनको लागी आ.वश्यक बजेट विनियोजन गरि आर्थीक समृद्धिको आधार तयार गरिनेछ ।
२. खेती योग्य जमिनलाई बाझो राख्ने प्रवितिलाइृ निरुतसाहित गर्न बाँझो रहेका निजी जग्गामा बढि उब्जाउ गर्न आबश्यक उन्नत प्रविधि तथा विउविजनको प्रयोग गरि सामुहिक रुपमा व्यवसायिक खेती कार्यलाई प्रवर्द्धन गर्न विशेष प्रोत्साहन गरिने छ ।
३. कृषि उत्पादनको प्रारम्भिक प्रशोधन गर्ने उद्योग, बजारीकरण, संकलन केन्द,प्रशोधन केन्द्र,कोल्ड स्टोरको विकासमा जोड दिइने छ ।
४. कृषिलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकको रुपमा विकास गर्न यान्त्रिकीकरण, आधुनिकिकरण, औधोगिककरण तथा व्यवसायिकिकरण मार्फत अर्गानिक तरकारीबाली, खाद्यन्नबाली, नगदेबाली, फलफूल साथै नगदेवालीको उत्पादन र उत्पादकत्व वृद्धि गरि आत्मानिर्भर बनाउने नीति लिइने छ ।

५. मार्फत स्वदेश तथा विदेश बाट फर्केका युवा लक्षित विस्तृत कृषि प्याकेज कार्यक्रम तयार गरि लागु गरिनेछ।

६. विउ तथा वेर्ना उत्पादन साथै साना पकेट कार्यक्रम। कृषक समूह र कृषि सहकारीको सहकार्यमा कृषक स्तरमा सञ्चालन गरिने छ ।

७. दिगो कृषि विकास गर्न कृषि उत्पादनमा हुने जोखिम न्यूनिकरण र क्षति व्यवस्था पन जलवायू मैत्री किसान सुचिकरण कृषि नीति अबलम्बन गरिनेछ ।

८. प्रत्येक वडामा उत्कृष्ट कृषि उत्पादकलाई छनौट गरी सम्मान कार्यक्रम साथै प्रोत्साहन गरिने छ।

९. रासायनिक मलको आपूर्ति सुनिश्चित गर्दै प्राङगारिक उत्पादनलाई प्रोत्साहन गर्न प्राङगारिक मल उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।

१०. प्रभावकारी प्रविधिक सेवा प्रवाह गर्न कृषि सेवाका प्रविधिकहरुको क्षमता अभिवृद्धि गरि स्थानीय स्तरमा उन्नत कृषि प्रविधि प्रदर्शन, रैथाने तथा उन्नत जातको वालि संरक्षण तथा बिउ उत्पादन र विकाशको लागि **किसानसंग विज्ञ कार्यक्रम** सञ्चालन गरिने छ।

११. सरोकारवाला संघ संस्थाहरुसंगको साझेदारिमा स्थानिय तहमा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता/ प्राविधिक तालिम संचालनमा जोड दिईनेछ।

ख) **पशु विकास सम्वन्धि नीति :**

१. व्यवसायिक पशुपालक कृषकको आकस्मिक क्षति न्युनिकरण गर्न पशु बिमा गर्ने र उत्कृष्ट कृषकलाई प्रोत्साहित गर्नुका साथै कृषकहरुको क्षमता अभिवुद्धि तालिम कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. दरौदी , भुसुण्डे र चेपे करीडोरमा माछाको पकेट क्षेत्र विस्तार गर्न्दै लगिने छ ।

३. घाँसमा आधारित पशुपालन व्यवसाय मुलत गाई,भैसी र बाख्रामा नश्ल सुधार कार्याक्रम यसै वर्ष देखि शुरु गरिने छ ।

४. गाँउपालिकालाई अण्डा मासु र दुधमा ५ वर्ष भित्रमा आत्मनिर्भर बनाउन पाडापाडी पालनमा ५०% अनुदान, दुधालु गाई/ भैसीलाई ढुवानी अनुदान प्रदान गरिने छ ।

५. गाँउपालिकामा भुई घाँस तथा डाले घाँसको नर्सरी स्थापना र भकारो सुधार मार्फत मल मुत्र संकलन गरी अर्गानिक तरकारी खेती प्रर्वद्धन गरिनेछ ।

६. गाँउपालिका भित्र बाख्रापालन कार्यक्रमलाई अभियानको रुपमा अन्तर सरकार बाख्रा पैंचो कार्यक्रमलाई निरन्तर दिइने छ ।

७. यसै आ.व. देखि व्यवसायिक कृषकलाई चल्ला उत्पादन गर्न ह्याचिङ मेसिन वितरण गरिनेछ ।

८. मानव स्वास्थ्यलाई मध्य नजर राख्दै मासु र मासुजन्य पदार्थको गुणस्तर कायम हुने गरी पशु बधशालाको स्थापना यसै आर्थिक वर्षमा गरिने छ ।

**ग) सहकारी नीति :**

१. संघीय सहकारी कानून र संघीय सरकारको आर्थिक वर्ष २०७९/८० को बजेटले गाउँपालिकामा स्थापना हुने सहकारी खेती, पशुपालन तथा उद्योग व्यवसायलाई विशेष छुट तथा सहुलियत प्रदान गरिने प्रावधानलाई उपयोग गरी सहकारी उद्यम तथा व्यवसायलाई प्रर्वद्धन गरिनेछ ।

२. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

३. सहकारीहरुको लेखा तथा सूचना प्रणालीमा एकरुपता कायम गर्ने कार्यको थालनी गरिनेछ । सहकारीहरुको नियमन तथा व्यवस्थापनको लागि सहकारी कार्यमूलक योजना ल्याइनेछ ।
४. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउने नीति लिइनेछ ।
५. गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका एवं व्यवस्थित हुन नसकेका सहकारी संस्थाहरुको तथ्यांक संकलन गरी सरोकारवला निकायसँग छलफल एवं वहस गरी सहकारी संस्थाहरुको आ.वश्यक व्यवस्थापन गरीनेछ ।
६. यस पालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले आफ्नो लगानीको कम्तीमा ३० प्रतिशत लगानी कृषि तथा पशुपालनको क्षेत्रमा अनिवार्य रुपमा लगाउनुपर्ने व्यवस्था गरीन्छ ।
७. सहकारीलाई उत्पादन र सेवा क्षेत्रमा लाग्न उत्प्ररित गर्ने नीति अवलम्बन गरिनेछ ।

घ) **उद्योग व्यापार तथा उद्यमशीलता प्रर्वद्धन नीति :**

१. आन्तरीक उत्पादन बृद्धी तथा औद्योगिकरणका लागि गुणस्तरिय पूर्वाधार निर्माण, लगानि पर्वद्धन, व्यवसायिक वतावरण निर्माण एंव सहजिकरण गर्न नीतिगत कानूनि र प्रणालिगत सुधार गरिनेछ।
२. परम्परागत ज्ञान र सीपलाई उद्यमशिलतामा रुपान्तरण गर्नेगरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
३. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रर्वद्धन मेला तथा हाटबजार आयोजना गरिनेछ ।
४. स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित साना उद्यमको विकास गर्न लगानि मैत्रि वावरणको सुनिश्चितता गरिनेछ।
५. सिरानचोक गाउँपालकिा भित्र विभिन्न उद्यम गरिरहेका शिल्पीहरुको सिप उपयोग तथा विकास निती लिइनेछ ।
६. नागरिकको आवस्यकताका आधारमा सिप मुलक तालिम संञ्चालन गरिनेछ सोको आधारमा गाउँपालिका स्तरीय एकीकृत सिप विकास प्रतिष्ठान संञ्चालनको आवस्यक अध्यायन गरिनेछ ।
७. स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाइ लक्षित गरि विभिन्न किसिमका व्यवसायीक तालिम हरु संञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइ थप ब्यवस्थीत गरिनेछ ।
८. उद्यमशिलता विकास गर्न उद्यम विकास कोषको स्थापना गर्न पहल गरिनेछ गाउँपालिका क्षेत्र भित्रका उद्यमी हरुले उत्पादन गरेका सामग्री हरुको विक्री बितरणको लागी बजार व्यवस्था पनमा जोड दिइने छ। उद्यमशिलता तथा सिप विकास को माध्यमवाट महिला आर्थिक सशक्तिकरण को कार्यक्रम लाइ प्रर्वद्धन गरिनेछ।

**(ङ) संस्कृति तथा पर्यटन नीतिः**

१. "**हाम्रो इतिहास हाम्रो गौरव, हाम्रो पर्यटन**" भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटन प्रर्वधनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, संरक्षण, प्रर्वधन र बिस्तारमा जोड दिने नीति लिइनेछ ।
२. संस्कृति र पर्यटनलाई एक आपसमा जोडी गाउँपालिकामा विस्तृत पर्यटन गुरुयोजना तयार गरिनेछ।
३. सिरानचोक कोटमा धार्मिक तथा पर्यटकिय विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरुको निर्माण अगाडि बढाइनेछ।
४. नेपाल सरकारको सहयोगमा नेपाली सेना द्धारा तयार गरिने एकिकरण पदमार्गमा सिरानचोक कोटको ऐतिहासिक गौरवमय योगदानलाई समावेश गर्न विशेष पहल गरिने छ ।
५. नेपाल एकिकरणको सन्दर्भमा गोरखा राज्यको सिमानाको रक्षा किल्लाको रुपमा रहेको सिरानचोककोट लाई इतिहासिक स्थल वनाउन तत्कालिन समयमा चौविसे राज्य सँग लडाई गर्ने गोरखाली सेनाका कमाण्डर अमर

सिहँ थापा, पृथ्वी नारायण शाहका सहयोगी वीर सेना झागल गुरुङको योगदानलाई कदर गर्दै सिरानचोक गाउँपालिकालाई ऐतिहासिक पर्यटकीय स्थल घोषणा गर्न विशेष पहल गरिनेछ ।

६. वावा गोरखनाथले वाल्यकाल विताएको स्थान श्रीनाथ र वाल्यकाल अवस्थामा हेरचाह गर्ने देवी मण्डली नाथ सम्प्रदायको वसोवास रहेको स्थान जोगी गुफाको शिवालय मन्दिर, मानव निर्मित गुफा संरक्षण र सम्बद्धन गर्दै शक्ति पिठको रुपमा प्रचार-प्रसार गरिने छ ।

७. गाउँपालिका भित्र निर्माण हुने मठ-मन्दिरहरुमा पुरातत्व झल्किने चुना-सुर्खी, सालको काठ, तामाको छानो आदीको प्रयोग गरि निर्माण गरिनेछ ।

८. पर्यटक सहजिकरणका लागि सिरानचोक गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुसम्म पुग्न सहजताका लागि विभिन्न स्थानमा पथ-प्रर्दर्शक नक्साको व्यवस्था गरिनेछ ।

९. अन्तर स्थानीय तहहरु विच सहकार्य र समन्वय गरि ऐतिहाँसिक प्राकृतिक पूरातात्विक र पर्यटकिय स्थलको संरक्षण र प्रर्वद्धन गरिनेछ।

## २. सामाजिक विकास नीति :

### क. स्वास्थ्य तथा पोषण नीति :

१. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइहरुबाट प्रदान गरिने जनस्वास्थ्यका सेवाहरु र उपचारात्मक सेवाको लागि प्रयोगशाला सहितको आबश्यक औषधि,उपकरण,तथा स्वास्थ्य सामग्रीको व्यवस्था मिलाइनेछ ।

२. आधारभूत स्वास्थ्य सेवाको लागि जेष्ठ नागरिक ,अपांगता भयका व्यक्ति तथा सबै वर्ग र समुदायका जनतालाई स्वास्थ्य सेवा पु-र्याउने उदेश्य प्रत्येक वडामा घुम्ती स्वास्थ्य सेवा,स्वास्थ्य शिबिर संचालन गरिने छ

३. खोप ,सुरक्षित् मातृत्व तथा प्रजनन स्वास्थ्य ,पोषण जस्ता जनस्वास्थ्य संग सम्बन्धित आधारभूत स्वास्थ्य सेवा लाइ प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयम् सेविका लाइ परिचालन गरिने छ ,यतायात तथा खाजा खर्च व्यवस्थापन गरिने छ साथै पोषण सम्बन्धि वृद्धि अनुगमनलाइ प्रभावकारी बनाउन सम्पूर्ण स्वयम् सेबिकाहरुलाई तौल मेशिन उपलब्ध गराईनेछ

४. बिपन्न र दिर्घरोगि हरुलाई .स्वास्थ्य बिमा कार्यक्रम शुरुवात गरिएको छ र सो कार्यक्रमलाई अझै प्रभावकारी बनाइने छ ,महिला रोग तथा जटिल रोग र नसर्ने रोग को न्यूनीकरण तथा जनचेतना अभिबृदी गर्न घुम्ती शिबिर र जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ

५. गाउपालिकको केन्द्र मा खोप भण्डारण र वितरणको लागि सङ्घीय सरकारको सहयोग र गाउपालिका को समन्वयमा पालिका स्तरीय कोल्डचेन सेन्टर स्थापना गरिनेछ।

६. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सस्थागत सुत्केरी सेवालाई प्रभावकारि बनाउनको लागी हरेक महिना ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम, गर्भवती महिला सुत्केरी सेबा लिन नजिकको स्वास्थ्य संस्था सम्म पुग्नको लागि न्युनतम यातायात खर्च को व्यवस्थापन , आधारभुत औषधिहरुको निशुल्क उपलब्धता साथै यस आ.व.मा स्वास्थ्य संस्थामा जन्मिएको बच्चाको नाममा नगद रकम सहित बैंकमा बाल बचत खाता संचालन गर्ने व्यवस्था गरिने छ ।

७. पालिकामा संचालित **आँखा उपचार केन्द्र** लाइ ब्यबस्थित गरि सबै वडाहरुमा त्रैमासिक घुम्ती आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपले संचालन गरिने छ ।

८. सम्पूर्ण महिला स्वास्थ्य स्वंयम सेविका हरुलाई स्वास्थ्य बिमाको रकम थप गर्ने,सम्पूर्ण स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई स्वास्थ्य बिमा गरिदिने ।

९. सुनौला हजार दिनका आमा, बालबालिका तथा किशोर किशोरिको पोषण स्थितीमा सुधार गर्न बहुक्षेत्रिय पोषण कार्यक्रमलाई मुलप्रवाहिकरण गरिनेछ।

१०. थालाजुंग स्वास्थ्य चौकीमा अन्य सस्थासंग सहकार्य गरि नियमित मेडिकल अफिसर बाट सेवा दिने कार्यलाई शुरुवात गर्ने पहल गरिने छ ।

११. मानसिक स्वास्थ्य प्रर्वद्धनका कार्यक्रम संचालन गरिनेछ।

१२. गाउपालिका बाट संचालित स्वास्थ्य संस्थाहरुलाई क्रमिक रुपमा स्तरोन्नति गर्दै संचालन गरिनुका साथै आबश्यक थप औजार उपकरणहरुको व्यवस्थापन गरिने छ ।

१३. उपाध्यक्ष आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत वडामा रहेका स्वास्थ्य चौकीले महिला स्वास्थ्य स्वयम सेविका मार्फत गरिने आमा समूह वैठकलाई अझ प्रभावकारी बनाई महिला संग सम्वन्धित रोगहरु तथा अन्य विभिन्न प्रकारका सर्ने नसर्ने रोगहरुको बिषयमा जनचेतना फैलाउनको लागी आमा (गृहणी) हरु मार्फत प्रचार प्रसार गराई स्वास्थ्य सम्वन्धि जानाकारी घर घरमा पुर्याई समुदायलाई स्वास्थ्य जनचेतनाको कार्य गर्न गराउन नियमित गर्भवति महिला स्वास्थ्य परिक्षण नियमित सुत्केरी चेकजाँच, सुत्केरी भेटघाट, सुत्केरी कोसेली तथा मोवायल भेटघाट कार्यलाई उपाध्यक्ष आमा स्वास्थ्य कार्यक्रम लाइ निरन्तरता दीईने छ।

१४. अति बिपन्न परिवारका सदस्यहरुलाई मध्यनजर गर्दै श्रीनाथ स्वास्थ्य बिमा कार्यक्रम साथै कडा रोग उपचार खर्च अनुदान लाइ निरन्तरता दिइने छ ।

१५. बालबालिका,किशोर किशोरी,गर्भवती,सुत्केरी हरुको पोषण र सरसफाइको अवस्था सुधार गरि कुपोषण हटाउने किसीमको कार्यक्रम तयार गरि लागु गरिने छ ।

१६. बिद्यालय स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१७. विपद व्यवस्थापन को लागी स्वास्थ्य द्रुत प्रतिकार्य टिमको निर्माण,परिचालन र तयारी अबस्थामा राख्दै जौबारी प्रा.स्वा.के.,गाखु स्वास्थ्य चौकी र थालाजुंग स्वास्थ्य चौकी लाइ स्वास्थ्य द्रुत प्रतिकार्य सस्थाको रुपमा बिकाश गर्दै लगिने छ ।

१८. सिरानचोक गाउपालिका भित्रका एच.आइ. भी. पोजेटिभ हरुले ए.आर.टि .सेवा, प्रयोगशाला सेवा र माषिक पोषण भत्ताको लागी आ.वश्यक बजेट बिनियोजन गरिने छ ।

१९. जेष्ठ नागरिक घरभेट कार्यक्रम लाइ निरन्तरता दिइ मासिक सेवा दिइने व्यवस्था गरिने छ ।

२०. आयुर्बेद स्वास्थ्य कार्यक्रम लाइ ब्यबस्थित गर्न आयुर्बेद स्वास्थ्य अनुसन्धान केन्द्र र जिल्ला आयुर्बेद कार्यालय ,गोरखाको सामान्वयमा ध्यान र योगको महत्वलाई नागरिक समक्ष उजागर गर्न नागरिक आरोग्य केन्द्र स्थापना गरिने छ।

(ख) **शिक्षा नीतिः**

१. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक,कर्मचारी र जनप्रतिनिधिका छोराछोरीहरु सामुदायिक विद्यालयमै भर्ना गरी अध्ययन गराउने नीति लाई कार्यान्वयन गरिनेछ।

२. विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण गरी त्यस अनुसार पाठ्यपुस्तक लेखन कार्य गरिनेछ।

३. सिरानचोक गाँउपालिकालाई शिक्षाको क्षेत्रमा नमुना गाँउपालिका बनाइनेछ।

४. शैक्षिक वुलेटिनद्धारा शिक्षा सम्बन्धी क्रियाकलापहरुलाई प्रकाशन र सार्वजनिकीकरण गरिनेछ।

५. गाँउपालिकाद्धारा स्थापित विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रलाई थप व्यवस्थित बनाइनेछ।

६. गुरुकुल शिक्षा लिन चाहने विद्यार्थीहरुका लागि गोरखा स्थित गुरुकुल शिक्षामा अध्ययनका लागि व्यवस्था मिलाइनेछ।

७. विद्यालय छाड्ने प्रवृत्तिलाई निरुसाहित गर्न तथा गरिब विपन्न तथा जेहेन्दार बालबालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक पाठ्यसाम्रगी र पोशाक लगायतका साम्रगी उपलब्ध गराइ अभिभावकत्व प्रदान गर्दै प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनका लागि छात्रावृत्ति प्रदान गरिनेछ।

८. जिवनउपयोगी,आधुनिक व्यवसायिक एंव प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

९. गाँउपालिका भित्र र आफ्नो कामको शिलशिलामा पालिका बाहिर रहेका साथै विभिन्न क्षेत्रमा आफ्नो विज्ञता हासिल गरेका व्यक्तिहरुलाई एकीकृत गरी प्राज्ञिक समूह निर्माण गरि विभिन्न सम्भावनाहरुको खोजी गरिनेछ।

१०. गाँउपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुमा विधुतीय हाजिरी प्रणालीलाई लागू गरिनेछ।विद्यालय भर्नादरलाई वृद्धि गर्ने तथा कक्षा छाड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

११. सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग,समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बञ्चित सबैका लागि प्रौढ कक्षा वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरु संचालन गर्न विभिन्न संघ संस्थाहरु सहकार्य गरिनेछ।

१२. विद्यालय भित्रका भौतिक संरचनालाई, बाल, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइनेछ।

१३. विकास साझेदार संस्थाहरुको सहकार्यमा बालमैत्री,विद्यालय मानसिक स्वास्थ्य,साक्षरता कार्यक्रम पठन संस्कृतिलाई अगाडि बढाइनेछ।

१४. "गाँउपालिका अध्यक्ष शैक्षिक सुधार" कार्यक्रमलाई प्रभावकारी रुपले संचालन गरिनेछ।

१५. स्थानीय कला संस्कृतिको संरक्षण,सम्वर्द्धन,प्रवर्द्धन र जगेर्ना गर्न बिद्यालय हब कार्यक्रम संचालन गरिनेछ।

१६. तहगत दरबन्दी कम भएका विद्यालयलाई अनुदान व्यवस्था गरिनेछ।

१७. शैक्षिक क्यालेन्डर निर्माण गरी विद्यालयको गतिविधिलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८. शैक्षिक स्तर वृद्धि गर्न परिमार्जित पाठ्यक्रम,मुल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन शिक्षकको क्षमता अभिबृद्ध तालिमको लागी **शिक्षक सिकाइ केन्द्रको** स्थापना गरिनेछ।

१९. गाँउपालिका क्षेत्र भित्रका सबै शिक्षण संस्थाहरुको सुची तयार गरी उक्त संस्थाहरुको अनुगमन,मूल्यांकन तथा सुपरिवेक्षण गरिनेछ।सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास केन्द्र तथा पुर्व प्राथमिक कक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ।ती केन्द्रहरुमा बालमैत्री गाँउ स्थापनाको सुचक बमोजिम क्रियाकलाप समेत संचालन गरिनेछ।

२०. एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गरिनेछ।

२१. २०७२ भुकम्प पश्चात पुनः निर्माण हुन बाँकी विद्यालयका भौतिक पुर्वाधार निर्माण गर्न कार्यलाई अगाडी बढाइनेछ।

२२. गाँउपालिकाभित्रका विद्यालयबाट SEE परीक्षा दिएका विद्यार्थीहरुका लागि थप उच्च-शिक्षा अध्यानको लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

२३. अनलाईन/अफलाईन प्रविधिको माध्याम बाट गुणुस्तरीय शिक्षा प्रदान गरिनेछ।

**ग). युवा तथा खेलकुद नीति :**

१. युवाको जाँगर समृद्ध गाँउघर अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अवलम्बन गरिनेछ। यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ। साथै एक वडा एक खेलकुद मैदान निर्माणलाई आगामी ३ वर्षमा सम्पनन्न गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

२. युवाहरुको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एंव विकास निर्माणका क्षेत्रमा उनीहरुलाई परिचालन गरिनेछ।

३. वातावरण संरक्षण हरियाली प्रवर्द्धन एंव जनचेतनामुलक कार्यक्रमहरुको आयोजना गर्दा युवाहरुको परिचालनमा विशेष प्राथमिकता दिइनेछ।

४. युवाहरुलाई कुलत तथा दुव्यर्सनबाट बचाउन सचेतनामुलक,रोकथाममुलक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न आ.वश्यक पहल गरिनेछ।

६. खेलकुदको माध्यमबाट युवाहरुलाई स्वस्थ र अनुशासित राख्नका लागि गाँउपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिलाई निरन्तर रुपमा संचालन गरिनेछ। साथै व्यवसायिक खेलाडी उत्पादनमा जोड दिइनेछ।

घ) **महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाजकल्याण नीतिः**

१. अपाङ्गता भएका व्यक्तिहरुको सञ्जाल गठन तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

२. एकल महिलाहरुको सञ्जाल गठन तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

३. गाउँपालिका स्तरमा विभिन्न कोषहरु जस्तैः बाल उद्धार कोष लैङ्किक हिंसा राहत कोष एकल महिला राहत कोष र अपाङ्गता कोष स्थापनाका लागि नीति तय गरी कोष प्रदान गरिनेछ।

४. अति विपन्न तथा सिमान्तकृत वर्गका महिलाहरुका लागि आर्थिक पुनर्लाभ कार्यक्रम नीति अवलम्वन गरिनेछ।

५. विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनु पर्ने लागत सहभागीताको भारलाई कम गर्न सकरात्मक विभेदको नीति अवलम्वन गरिनेछ ।

६. वालमैत्री स्थानीय शासनको अवधारणा अनुसार आगामी २ वर्ष भित्रमा वालश्रम रहित वडा घोषणा गरी वालबालिकाहरुको हक र अधिकार सुनिश्चित गर्न वाल क्लव युवा क्लव गठन गर्दै बालबालिकाहरु माथि हुने हिंसा विभेद र शोषणलाई अन्त्य गरी वाल अधिकार र संरक्षणको सुनिश्चितता गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

७. कोही पछाडि नछुटुन् भन्ने मान्यताका साथ महिला अपाङ्गता भएका व्यक्ति द्धन्द पिडित घरबार विहिन असहाय ज्येष्ठ नागरिक तथा अति गरिब लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारलाई स्वरोजगारमूलक तालिम तथा व्यवसाय सञ्चालन गर्नका लागि वजेटको व्यवस्था सहित कार्यक्रमहरु सञ्चालनमा विकास साझेदारहरुसँग सहकार्य गरिनेछ ।

८. आदिवासी जनजातीहरुको संस्कृतिक परम्परा संरक्षण साँस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षण गर्ने कार्यक्रमहरु सञ्चालन गरी निरन्तरता प्रदान गरिनेछ ।

९. समाजमा दलितहरु माथि हुने सामाजिक कुसंस्कार जातिय विभेद छुवाछुत प्रथा र परम्परालाई निर्मूल गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. दलित आदिवासी जनजाती सिमान्तकृत वर्ग र अन्य जातिका परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ।

११. लैङ्गिक हिंसाका घटनाहरु निर्मूल गर्नका लागि वडा कार्यालयहरुको सहयोगमा धुम्रपान मदिरापान कार्यलाई कम गर्नको लागि बेचविखन कार्यमा एकरुपता कायम गरी निश्चित अविधिभित्र मात्र वेचविखन गर्नको लागि नीति अवलम्वन गरी अगाडी बढाईनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिहरु र ज्येष्ठ नागरिकहरुका हक र अधिकार सुनिश्चित गरी अगाडी बढाउँनका लागि अपाङ्गता परिचय पत्र नविकरण, वितरण तथा ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने कार्यालाई निरन्तरता प्रदान गर्नका लागि घुम्ती शिविर आयोजना गरिनेछ ।

१३. समाजमा हुने बाल विवाह बहु विवाह र दाईजो प्रथा जस्ता कुरिति निर्मूल गर्ने नीति अवलम्वन गरिनेछ।

१४. महिला सशक्तिकरणका लागि महिलाहरुको नेतृत्व विकास क्रियाकलापलाई निरन्तरता प्रदान गरिनेछ ।

१५. ज्येष्ठ नागरिकहरुको सञ्जाल गठन, ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडास्तरमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ। वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रहरुसंग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ।

१६. किशोर किशोरीहरुको जीवनोपयोगी सिपलाई निरन्तरता दिईनेछ ।

१७. बाल अधिकार सुनिश्चितताका लागि विभिन्न कारणवाट अभिभावक गुमाएका बालबालिकाहरुको लागि उद्धार तथा सहयोग कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

१८. अपाङ्गता भएका व्यक्तिहरुको आ.वश्यकतालाई मध्यनजर गर्दै विभिन्न दातृ निकायहरुसँग समन्वय र सहकार्य गरि सहयोगी सामाग्री वितरणको नीतिलाई अवलम्वन गरिनेछ ।

१९. घरेलु हिंसामा परी पिडित प्रभावित भएका महिला र द्धन्द प्रभावित महिलाहरुका लागि मनोपरामर्श प्रदान गरिनेछ। साथै विभिन्न कारणवाट आत्म हत्या गर्ने दरलाई न्युनिकरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

**लैङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रम सम्वन्धमा**

१. एकल, महिला जनजाति महिला, दलित महिला, अपाङ्गताभएका महिला, अल्पसख्यक महिला, फरक यौनिकता भएका महिला, अन्य महिला तथा अति विपन्न महिलाको जिविकोपार्जन सुधार ल्याउन र महिलाहरुलाई उद्यमशिलता सिपविकास तालिम संचालन गरी महिलाहरुलाइ आयआर्जनको पेशामा संलग्न गराई सिरानचोक गाउँपालिकाको सवै महिलाहरुलाई आर्थिक गतिविधिमा जोडनेगरी आगामि आर्थिक वर्ष देखी ३ वर्ष सम्म उपाध्यक्ष महिला लक्षित आर्थिक सवलिकरण कार्यक्रम संचालन गरिनेछ।

२. महिला हरुको सम्वन्धमा कानूनले व्यवस्था गरेबमोजिम नीति निर्माणमा महिलाहरुको अर्थपूर्ण सहभागिताको लागी क्षमता विकास तथा सशक्तिकरण  तालिमहरु संचालन गरिनेछ।

३. महिलाहरु लाई समुदायमा रहेको कुरिति कुसंस्कार र अन्धविश्वास लाई हटाउनको लागी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

**न्यायिक समिति:**

१. समाजमा न्यायको पहुँचलाई समुदाय समक्ष छिटो छरितो बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम न्यायिक समितिका विवादहरु मेलमिलमपबाट निरुपण गर्नु पर्ने भएकोले वडा केन्द्रहरुमा रहेका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित र प्रभावकारी ढङ्गले व्यास्थापन गरिनेछ।

२. नयाँ मेलमिलाप कर्ता हरुको उत्पादन तथा पूर्व मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धि पूनर्तजगि तालिम संचालन गरिनेछ।

३. महिलाहरुको सशक्तिकरण  सम्वन्धि तालिममा न्यायिक समितिको काम कारवाहि तथा क्षेत्राधिकारको वारेमा अनिवार्य रुपमा १ (एक) कक्षा संचालन गरिनेछ।

४. बिद्यालयहरुमा न्यायिक समितिको काम कारवाहि तथा क्षेत्राधिकारको सम्वन्धमा  हरेक मा.वि तह मा अध्यानरत बिद्यार्थि तथा शिक्षकहरु लाई तालिम प्रदान गरिनेछ।

५. बाल विवाह तथा बहुविवाह लगायत समाजमा घटने घटनाहरुको सम्वन्धमा प्रहरी, समुदाय र न्यायिक समक्ष छलफल अन्तरक्रिया जस्ता कार्यक्रम निरन्तर संचालन गरिनेछ।

६. हरेक आर्थिक वर्षमा मेलमिलाप कर्ताहरुको काम कारबाहिलाई चुस्त दुरुस्त बनाउन र पूनर्तजगि तालिम संचालन गर्न गराउन मेलमिलाप कर्ताहरुको  सूचिकृत गरिनेछ।

७. न्यायलाइ विश्वस्त निश्पक्ष र छिटो छरितो तवरवाट न्यायिक कार्यको सम्पादन गर्न गरनउनको लागी गाउँपालिकाको प्रशासनिक केन्द्रमा न्यायिक ईजलास केन्द्र निर्माण गरिनेछ।

**ङ) सामाजिक विकास, सुरक्षा तथा (समावेशी विकास तथा लक्षित समूह  विकास) संरक्षण नीति :**

१. विपन्न तथा बंञ्चितीकरणमा परेका महिला, बालबालिका, अल्पसंख्यक जनजाति, प्रकोपको जोखिममा परेका घरपरिवारको तथ्यांङ्कको संकलन र अध्यावधिक गरिनेछ र यस्तो तथ्यांकको डिजिटल सूचना प्रणालीमा व्यवस्थित गरिने छ ।

२. गाउँपालिका क्षेत्र भित्रै रोजगारको अवसर श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोकिनेछ र स्थानीय उत्पादनलाई जोड दिइने छ । बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई क्षमता अनुसार आवश्यक अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रम गराएर मात्र विदेश तर्फ जाने वातावरण सिर्जना गरिनेछ ।

३. विपन्न, बंचितीकरण परेका महिला, बालबालिका, महिला, अल्पसंख्यक जनजाति, प्रकोपको जोखिम परेका घरपरिवारलाई शिक्षा तथा स्वास्थ्य सेवामा पँहुच र रोजगारीका अवसर वृद्धि गर्न लक्षित कार्यक्रमको तर्जुमा र कार्यन्वयन गरि उनिहरुको मर्यादित जिवन सुनिश्चित गरिने छ ।

४. लैंगिक हिंसामा परेका महिला तथा बालबालिका लागि एकिकृत संकटमोचन केन्द्रको स्थापना र संचालनको कार्यको शुरुवात गरिने छ ।

५. सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैक संग सहकार्य गरी भत्ता वितरण कार्यलाई थप प्रभावकारी एंव वैज्ञानिक बनाई सहज ढङ्गलेप्रास गर्ने व्यावस्था मिलाईनेछ।

६. घटना दर्ता कार्यलाई ३५ दिन भित्रै दर्ता गर्नक अभिमुखिकरण कार्यक्रम संचालनको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ साथै ब्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा आगामी वर्ष देखि सबै वडा कार्यालयबाटनै अनलाइन व्यक्तिगत घटना दर्ताको शुरुवात गरिनेछ ।

**च) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धि नीतिः**

- **श्रमको सम्मान गरौ भन्ने भावनालाई** पालिकाभर विस्तार गरीसमाजमा काम प्रति सकारात्मक धारणा विकास गर्दै यूवाहरुलाई रोजगारी संगसंगै दिगो सिपमुलक र उद्यमशिलता संग समवन्धित आयोजनाहरु लाई प्रर्थामिकता दिईनेछ साथै आवस्यकता अनुसार कार्यस्थल तालिम (On the job training) को व्यवस्था गर्नुको साथै सामाग्री व्यावस्थापनको लागी गाँउपालिकाको तर्फबाट बजेट व्यवस्थापन गरिनेछ।
- नेपालसरकारको श्रम तथा रोजगार बैकको अबधारणा कार्यन्यन गर्नको लागी श्रम रोजगार बैङ्क संचाला, कार्यविधि तयार गरी कार्यन्वयन गरिने छ।यसरी श्रम बैङ्कमा आवद्ध सक्रिय जनसक्ती हरुलाई सरकारी गैरसरकारी निजि तथा उपभोक्ता समिति बाट कार्यन्यन गर्न सकिने योजना हरुमा परिचाला गरिने छ।
- रोजगारीका लागी पटक-पटक विदेश पलायन हुनुपर्ने बाध्यतालाई कम गर्न, भौगलिक क्षेत्रभित्रका बैदेशिक रोजगारसँग सम्बवन्धित तथ्याङ्क संकलन गर्न, बैदेशिक रोजगारिमा जान चाहने ब्यात्तिहरुलाई आ.वश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, वैदेशिक रोजगारिका कारण समस्यामा परेका आप्रवासि कामदार र परिवारहरुको न्यायमा सहि पहुँच बढाउन सामाजिक पुन: एकिकरण संग सम्बन्धित कार्यक्रम संचालन गरि स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना हुने किसिमका योजना, कार्यक्रम तयार गर्नुका साथै कार्यक्रम कार्यन्वयनको लागी **सुरक्षित नागरिक आप्रवसन सम्बन्धि कार्यविधि** तयार गरि लागु गरिने छ।

**भौतिक पूर्वाधार विकास नीति :**

**क) पूर्वाधार विकास नीति**

१. आगामी आ.व मा छनौट भएका योजनाहरुको खरिद योजना बनाई सो खरिद योजना अनुसार योजनाहरु कार्यन्वयन गरिनेछ ।

२. गाउँपालिकामा आउने आ.वमा योजना छनौट गर्दा टुक्रे योजनालाई निरुत्साहित गरि दिर्घकालिन रुपमा प्रतिफल दिने खालको ठुला योजनाहरु छनौट गरि निर्माण कार्य अगाडि बढाइनेछ ।

३. आगामी आर्थिक वर्षमा गाउँपालिकाको भवन, वडा नं ४ र ७ को वडा कार्यालय भवनको निर्माण गरिनेछ ।

४. गाउँपालिका भित्र निर्माण हुने भवनका लागि भवन आचार संहिताको पूर्ण पालना गराइनेछ। हरेक घरमा एक फूलबाटिका निर्माण कार्यको सुरुवात गरिनेछ ।
५. गाउँपालिका भित्र रहेका हरेक घरधुरीहरु अभिलेखीकरण गरि घर संकेत नं तोक्ने कार्य अगाडि बढाइनेछ।
६. गाउँले परिवेशका घर, पाटीपौवा आदिको भुकम्प प्रतिरोधात्मक निर्माण गर्न विशेष कार्यक्रमका साथ अगाडि बढाइनेछ ।
७. गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालबालिका मैत्री तथा महिला मैत्री बनाइनेछ।
८. गाउँपालिका भित्र नयाँ ट्र्याक खोल्ने कार्यलाई बन्द गरि हाल संचालनमा रहेका सडकहरुमा नालाको व्यवस्था, कल्भर्टको व्यवस्था तथा ग्राभेल गरि १२ महिना नै सडक संचालनका लागि सडक हेरालुको समेत व्यवस्था गरिनेछ।
९. वडा कार्यालय सम्म पुग्ने सडकहरुमा सहज पहुचका लागि सो सडकलाई पक्कि सडकको रुपमा निर्माण गर्ने कार्य अगाडि बढाइनेछ ।
१०. गाउँपालिका भित्रका “क” वर्गका सडकहरुको डी.पी.आर गरि संघ र प्रदेश सरकारसँग समन्वय गरि उक्त सडकहरुको स्तरोन्नति कार्य अगाडि बढाइनेछ ।
११. सडकको दाँया वायाँ पशुपालनका लागि घाँस र वृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ । हरेक सडक योजनाहरुमा विनियोजित वजेटको २% रकम बायो ईन्जिनियरिंग कार्यमा खर्च गरिनेछ।
१२. सिरानचोक गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम सडक मापदण्ड /सडकको क्षेत्राधिकारको अवधारणाको कार्यान्वयन थालनी भै सकेको हुँदा थप कार्यविधि वनाई यस कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
१३. गाँउपालिका क्षेत्र भित्रका सडक र खानेपानी लगायतका संरचनाहरुको नियमितताको लागि मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।
१४. बाटोघाटो, सिंचाई कूलो लगायतका भौतिक पूर्वाधारका योजना निर्माण गर्दा भू-क्षय नहुने, पानीका मुहान एवं वन वातावरणमा प्रतिकुल असर नपर्ने गरी योजना निर्माण कार्य संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
१५. संम्भावित बिपतको प्रकोपलाई मध्यनजर गर्दै ठुला प्रकृतिका खानेपानी वा अन्य योजनाहरुको प्रमुख संरचनाहरुको बिमा गर्ने कार्यको थालनी गरिनेछ।
१६. गाउँपालिका भित्र रहेका अधुरा योजनाहरु सम्पन्न गर्नका लागि सो योजनाहरुलाई पहिलो प्रथामिकता राखि निर्माण कार्य अगाडि बढाइनेछ।
१७. गाउँपालिका भित्र निर्माण हुने संरचनाहरुको गुणस्तर नापजाँचको लागि गाउँपालिकामा नै प्राविधिक प्रयोगशाला निर्माण गरिनेछ ।
१८. ठेक्का प्रक्रियाबाट कार्यन्वयन हने योजनाहरुमा स्थानीय जनताको अनुगमन समिति निर्माण गरि स्थानीय जनताको रोहोवरमा निर्माण कार्य अगाडि बढाइने छ।
१९. उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरुमा उपभोक्ता समितिले लागत साझेदारी गरि कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

ख) **सूचना तथा संचार नीति :**

१. गाउँपालिकाको सेवा सुविधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरीक समक्ष पुऱ्याउन मोबाईल एप्स, सिरानचोक गाउँपालिका, डिजिटल सोधपुछ कक्ष, डिजिटल नागरिक वडापत्र र सूचना पाटिको सुरुवात गरिनेछ ।

२. कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणालीको माध्यमबाट सरोकारवालाहरुलाई सुसूचित गर्न गाउँपालिकाको Website लाई आवश्यकता अनुसार अद्यावधिक गरिनेछ ।

३. गाउँपालिका र वडा कार्यालयवाट सेवाप्रवाह वापत लिईने शुल्क, दस्तुर रकम सफ्टवेयर (Centralized Computerize Billing ) मार्फत कार्यान्वयनमा गरिएकोमा यसलाई थप प्रभावकारी बनाईनेछ।

४. गाउँपालिका भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली (EBPS) मार्फत शुरु गरिने छ ।

५. जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन नीति :**

क) **विपद व्यवस्थापन नीति :**

१. विपदहरुको रोकथाम तथा न्युनिकरणका लागि पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न CADRED/LDRT लाई आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

२. स्थानीय पाठयक्रम र विद्यालय सुधार योजनामा विपद जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गरिने छ ।

३. स्थानीय तहमा गठन भएका विपद व्यवस्थापन समिति, गाउँपालिका, प्राईभेट सेक्टर शैक्षिक सस्था, समूह समितिहरुको विपद जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरु र भावी दिनमा गर्नुपर्ने कार्यका बारेमा नियमित छलफल बैठक गरिने छ यसका लागि स्थानीय तहमा विषयगत समितिलाई जिम्मेवार बनाईनेछ ।

४. स्थानीय तहमा पहिचान भएका प्रकोपको पूर्व सूचनामा संकटासन्न समुदायको सहज पुहुँच र पूर्व कार्यमा सुनिस्चित गरीनेछ ।

५. बिगत देखि अस्तित्वमा रहेका प्रकोप र सिर्जित हुन सक्ने प्रकोपका बारेमा नियमित अनुगमन र जानकारी सबैलाई प्रदान गरीने छ ।

६. स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र निर्माण कार्यको शुरुवात गरिनेछ।

७. प्राकृतिक प्रकोपका कारण वा जीर्ण भइ बसोबास गर्न नमिल्ने अवस्थाको घरहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घरहरुलाई प्रतिवेदनका आधारमा सम्पत्ति कर छुट दिइनेछ।

८. विपदको समयमा उद्धार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद उद्धार समूह गठन गरिनेछ। उक्त समूह लाई विपदमा उद्धार गर्ने आवश्यक सामाग्री समेत उपलब्ध गराइने छ ।

९. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तय गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

११. सडक यातायातको सडक दुर्घटना कम गर्न तथा दुर्घटना पश्चात तत्काल उद्धारको कार्य गर्ने व्यवस्था मिलाइने छ ।

१२. विपद उद्धारकर्ताहरुलाई सक्रिय बनाइनेछ। विपदको समयमा उद्धार भत्ता उपलब्ध गराउने नीति लिइनेछ ।

१३. विपतमा परेका व्यक्तिहरुलाई तत्काल उद्धार गरी व्यवस्थापन गर्नको लागि समुदायमा निर्माण भएका बहुउदेश्यीय सामुदायिक भवनहरुको प्रयोग गरिनेछ । नयाँ सडक निर्माणले परम्परागत भलकुलो अवरुद्ध गरी ल्याएको सडकभल समस्यालाई समाधान गर्ने योजना निर्माण गरीनेछ ।

(ख) **फोहोरमैला व्यवस्थापन नीतिः**

१. शून्य फोहोर अवधारणालाई अवलम्बन गरिनेछ। घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोष्टमल बनाई व्यवस्थापन गर्न प्रेरित गर्न टोल विकास संस्था, गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न सचेतना कार्यक्रममा जोड दिइनेछ ।

२. गाउँपालिका भित्र बजारको रुपमा विकसित हुँदै गरेका क्षेत्रहरुमा सिर्जित फोहोरहरुको उचित व्यवस्थापन **गर्न यस गाउँपालिकासंग सिमाना जोडिएका पालिकाहरुसंग समन्वय गरि फोहर मैला व्यवस्थापन केन्द्र निर्धारण गरिनेछ**।

३. फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर वस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थाको सञ्जाल निर्माण गरी यसलाई प्रोत्साहन दिइनेछ ।

४. पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिदै आगामी पाँच वर्षभित्र पूर्ण सरसफाइयुक्त सिरानचोक घोषणा गरिनेछ ।

(ग) **हरियाली प्रर्वद्धन नीतिः**

१. एक घर कम्तिमा पाँच फलफुलको रुख कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनका खाली क्षेत्रमा नगदे वालि, नर्सरी सामुहिक रुपमा खेती गर्न प्रोत्साहित गरिनेछ।

३. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

४. वातावरण मैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. सामुदायिक वन उपभोक्ता समिति तथा वन डिभिजन कार्यालयको संयुक्त प्रयासमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गरिनेछ।

६. वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आ.वश्यक कार्ययोजना तयार गरिने छ।

७. वन तथा खुला क्षेत्रमा बढ्दो क्रममा फैलिएको मिचाहा वनस्पतिहरुको रोकथाम तथा निर्मूल गर्नको लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।

८. गाउँपालिकाभित्र रहेका जडिबुटी लगायत अन्य रैथाने बोटबिरुवाका विषयमा वैज्ञानिक अनुसन्धान कार्य बिभिन्न संघ संस्थाहरुको सहकार्यमा अगाडि बढाउनको लागि पहल गरिनेछ।

(घ) **जलवायु परिवर्तन अनुकूलन नीतिः**

१. एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ ।

२. गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन IEE र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन EIA गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ।

४. खानेपानि मूल दर्ता / खानेपनीको शुद्धता परिक्षणको व्यवस्था गरिनेछ।

५. जलवायु परिवर्तनले स्थानीय तहमा पारेको नकारात्मक प्रभाबको समुचित अनुकूलनको उपायका बारेमा सम्वन्धित साझेदार संस्थगाहरु संगको समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जैविक विविधताको संरक्षण बारे चेतना अभिवृद्धि गर्न विभिन्न जनचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

(घ) **खानेपानी तथा सरसफाइ नीतिः**

१. गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत परम्परागत पानीको श्रोतको/मुहान संरक्षण, सम्वर्द्धन एंव प्रर्वद्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. जनताको स्वच्छ खानेपानी तथा सरसफाई पहुँचको मौलिक हकलाई सुनिश्चित गर्न गाउँपालिकाले " एक घर एक धारा" कार्यक्रमलाई आउने २ वर्ष भित्र सम्पन्न गर्ने गरि निरन्तरता दिइनेछ ।

३. सार्वजनिक स्थल, मन्दिर, पाटीपौवा तथा अन्य सार्वजनिक संरचनामा खानेपानी तथा सार्वजनिक सौचालयको व्यवस्था गरिनेछ।

**५. संस्थागत विकास र सुशासन नीति :**

(क) **संस्थागत तथा मानव संशाधन विकास नीतिः**

१. सिरानचोक गाउँपालिकाको संगठन संरचनालाई आ.वश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ।कर्मचारीको कार्यसम्पादन आधारित प्रोत्साहान नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, वृत्ति विकासमा सहायोग पुग्ने खालका तालिमहरु संचालन गरिनेछ साथै कर्मचारी प्रशासनलाई जवाफदेही बनाइनेछ।

२. सिरानचोक गाउँपालिकाबाट प्रवाह गरिने सांर्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ साथै जिम्मेवारि कुसशलता पूर्वक वहन गर्ने कर्मचारिहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

३. सिरानचोक गाँउपालिकाको कार्यलयमा साहायता कक्षको ब्यावस्था गरिनेछ।

४. सिरानचोक गाँउपालिकाको कार्यलमा टोल फ्रि फोन नं को ब्यावस्था गरि जनगसनासो सुन्ने र सम्मबोधन गर्ने ब्यावस्था गरिनेछ।

५. गाउँपालिकाका जनप्रतिनिधिहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ ।

६. गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसहकारी संस्थाले कार्यक्रम गर्नु पूर्व अनिवार्य रुपमा गाउँपालिकासंग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरिनेछ ।

७. **गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाइ उत्प्रेरित गर्न र आन्तरिक पर्यटन प्रवद्धन गर्न एक हप्ताका लागि काजसहितको पर्यटन विदा दिने व्यवस्था गरिनेछ ।**

८. गाउँपालिकाको प्रशासनिक व्यवस्था , सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ ।

**९. देश भित्रका तथा बहिरका निकायहरु संग भगिनि सम्बन्ध कायम गरि अन्तर निकाय सहकार्य मार्फत बिकाश प्रबिधि तथा असल अभ्यासको आदानप्रदान तथा साझेदारिमा कर्यक्रम संचालन गरिनेछ।**

१०. गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि नागरिक वडा पत्र, रेडियो संवाद कार्यक्रम र प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

११. प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि GIS / E-Procumbent तालिम संचालन गरिने छ ।

(ख) **सुशासन तथा सुरक्षा नीतिः**

१. गाउँपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रर्वद्धन गरिनेछ।

२. गाउँपालिकाका कामकारबाही हरुलाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाउनका लागि चौमासिक प्रगति समिक्षा सहितको पत्रकार भेटघाट गर्ने कार्यको सुरुवात गरिनेछ ।

३. गाउँपालिकाकासबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र नागरिक वडापत्र राखिएकोमा थप प्रभावकारी बनाईनेछ ।

४. गाँउपालिका र यस अन्तर्गत शाखा तथा ईकाईहरुले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तर सुधार र सबै नागरिकको सहज पँहुच सुनिश्चिताका लागि सेवाग्राही नागरिकको सहभागीतामा प्रत्येक चौमासिक रुपमा सामुदायिक अंक निर्धारण तालिकाको विधिबाट सेवाको गुणस्तर मापन गरिने छ ।

५. गाँउपालिकाको आ.वधिक, विषय क्षेत्रगत तथा बार्षिक योजना तथा बजेट तर्जुमा प्रकृयालाई समावेशी र सहभागीमुलक बनाउनका र विपन्न तथा बंचितिकरणमा परेका महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, जेष्ठ नागरिकको आवाजलाई योजना तर्जुमाको विभिन्न चरणहरुमा प्राथमिकताका साथ समेट्न र उनिहरुलाई जनप्रतिनिधि सँगको प्रत्यक्ष संवाद सँग जोड्न डिजिटल प्रविधिको अवलम्बन गरिने छ ।

६. गाउँपालिकाका शाखाहरुबाट भएका कामहरुलाई चौमासिक रुपमा समिक्षा गरी उक्त कार्यसम्पादनलाई बुलेटिन मार्फत प्रकाशन गरिनेछ ।

७. वडा कार्यालयहरुमा नागरीक वडा पत्र तयार गरी कार्यान्वियनमा ल्याईसकिएको छ र गाउँपालिकाबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको विद्युतीय नागरीक वडापत्र तयार गरिनेछ ।

८. गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिईनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह , महिला समूह , सहकारी, वन समूह , कृषक समूह , टोल विकास समूह , निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गरीने कार्यलाई निरन्तरता दिईनेछ ।

ग) **राजस्व परिचालन सम्बन्धी नीतिहरु**

१. सवै वडा कार्यलय तथा गाउँपालिका केन्द्र मा संचालन गरिएको राजश्व प्रशासनका लागि सफ्टवेयर प्रणाली लाइ थप प्रभावकारी वनाउन कर्मचारी क्षमता विकास तथा आ.वश्यक प्रविधिको सुदृढीकरण गरिनेछ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आगामी आ.व को श्रवण १ गते देखी पहिलो चरणमा सरकारी सुविधा लिने सम्पुर्ण पालिका वासी लाइ एकिकृत सम्पति करको दायराभित्र ल्याई एकिकृत सम्पती कर लागू गरिनेछ साथै क्रमिक रुपमा सम्पूर्ण पालिकावासी लाइ एकिकृत सम्पति करको दायरा मा ल्याइनेछ। यो कर लागू

गर्दा जग्गाको मुल्यांकन र दरलाइ सर्वसाधारण जनताको हितलाइ मध्यनजर गर्दै सर्वमान्य सिद्धान्तका आधारमा प्रगतिशिल ढाचामा निर्धारण गरिनेछ।

३. राजश्व संकलनलाई व्यवस्थित बनाउनको लागि प्रत्येक वडामा चौमासिक रुपमा घुम्ती शिविर संचालन गरिनेछ।

४. करदाता शिक्षा, सूचना संकलनमा शिक्षक तथा विद्यार्थि प्रयोग गर्ने, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने, कर शिक्षा प्रदान गर्ने, कर संकलन लाइ गाउँपालिकाले प्रदान गर्ने सेवा संग आ.वद्ध गर्ने, जस्ता कार्यक्रम मार्फत सबै करदातालाइ प्रोत्साहन गरी करको दायरमा ल्याउन प्रयास गरिनेछ।

५. गाउँपालिकामा संचालनमा रहेका सम्पुर्ण व्यवसाय र दलित, महिला तथा पिछाडिएका वर्गले संचालन गरेका व्यवसाय दर्ता तथा नविकरणमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने निती लिइने छ।

६. करको दर भन्दा दायरालाइ प्रथमिकता दिइ सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ। सबै वडा कार्यलयमा अप्टिकल फाइवर जडान गरी राजस्व प्रशासनलाइ छिटो छरितो करदातामैत्री र सूचना प्रविधीमा आधारीत वनाइनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाइ लाग्ने करमा २० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।

७. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार प्राप्त अधिकारको अधिनमा रहि ढुङ्गा, गिट्टी, वालुवा, रोडा, माटो र नदिजन्य पदार्थ हाटवजार लागायतका सम्पत्तीको रुपमा रहेका राजस्वका स्रोतहरुको पहिचान गरी ठेक्का पट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिनेछ।

८. कर चुहावट नियन्त्रण गरी पालिकाको राजश्व संकलनमा अभिवृद्धी गर्ने उद्देश्यले राजश्व संकलनमा आ.वद्ध कर्मचारी तथा राजश्व चुहावट नियन्त्र गर्न सहयोग गर्ने नेपाल प्रहरी लगायत अन्य पक्षहरुलाइ कार्यसम्पादनको आधारमा प्रोत्साहन रकमको व्यवस्था गरिनेछ।

अन्तमा,

प्रस्तुत नीति कार्यान्वयनवाट सिरानचोक गाउँपालिकाको सम्वृद्धी विकासमा उल्लेखिय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै सिरानचोक गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

जय सिरानचोक

............................

ज्ञानेन्द्र गुरुङ

अध्यक्ष

सिरानचोक गाउँपालिका